STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093, 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ १३ गते आइतबार ❑ 29 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कांग्रेस महाधिवेशनका विषयमा शीर्ष नेताबीच सहमति

**रासस**
**काठमाडौं, १२ भदौ**

नेपाली कांग्रेसको आसन्न १४औँ महाधिवेशनअन्तर्गत कार्यतालिका, क्रियाशील सदस्यता र निर्वाचन निर्देशिकालगायत विषयमा शीर्ष नेताबीच सहमति भएको छ।

सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच छलफल भएपछि क्रियाशील सदस्यताका विवाद समाधान गर्दै नामावली सार्वजनिक गर्ने, जिल्ला सभापतिका माग सम्बोधन गर्ने र महाधिवेशनको वातावरण तयार गर्ने समझदारी बनेको नेता प्रकाशमान सिंहले जानकारी दिनुभएको छ।

सभापति देउवासँग कुराकानी गरेपछि वरिष्ठ नेता पौडेल समूहले शनिबार आफू निकट नेता र जिल्ला सभापतिहरुसँग कांग्रेस नेता सिंहको निवास चाक्सिबारीमा छलफल गरेको थियो। देशभरका छ हजार ७४३ वडामा एकै दिन अधिवेशन गर्ने समझदारी भएको नेता सिंहले बैठकपछि जानकारी दिनुभयो । उहाँका अनुसार जिल्ला सभापतिहरूले राखेका माग पनि सुनुवाइ गर्ने समझदारी बनेको छ। कांग्रेस केही जिल्ला सभापतिहरूले निर्वाचन निर्देशिका संशोधन र क्रियाशील सदस्यता नामावली सार्वजनिक गर्न माग गर्दै भदौ ८ गतेदेखि पार्टी केन्द्रीय कार्यालयमा अनशन सुरु गर्नुभएको छ। कांग्रेसले बिहीबार र शुक्रबार गरी ४८ जिल्लाका क्रियाशील सदस्यताको नामावली सार्वनजनिक गर्नाका साथै अरू जिल्लाको पनि एक/दुई दिनभित्र सार्वजनिक गरिसक्ने तयारी गरेको छ। बैठकमा एक मात्र निर्वाचन क्षेत्र रहेका ३५ जिल्लामा पनि विधानअनुसार नै हुने गरी जिल्ला सभापतिको उम्मेदवार बन्न पाइने, क्षेत्रीय प्रतिनिधि पनि महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य उठ्न पाउने विषयमा सहमति जुटेको उहाँले बताउनुभयो।

शीर्ष नेताहरू आजै केन्द्रीय कार्यालय जाने र जिल्ला सभापतिको अनशन अन्त्य गर्ने सम्बन्धमा छलफल भए पनि आज शीर्ष नेताहरु नआउनुभएकाले सम्भवतः आइतबार अनशन अन्त्य हुने नुवाकोटका जिल्ला सभापति जगदीश्वरनरसिंह केसीले जानकारी दिनुभयो । कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत गाउँ/नगर वडा अधिवेशन यही भदौ १८, गाउँ/नगरपालिका अधिवेशन भदौ २७, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकिएको छ। यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ।

## वालिङदेखि पर्वत सिमाना सडक स्तरोन्नती गर्न पहल गर्छु: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ भदौ**



गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले स्याङजाको वालिङ बजारदेखि पर्वतको सिमाना जोड्ने सडक स्तरोन्नतीको लागि पहल गर्ने बताएका छन्।

शनिबार वालिङ देखि गहते हुदै पानीट्याङसम्म पुगेका मन्त्री बराल समक्ष स्थानियले आफ्नो क्षेत्रको विकासको पहिलो पूर्वाधार सडक स्तरोन्नती अति आवश्यक भएको उल्लेख गर्दै बजेट व्यबस्थापन गर्न माग गरेसंगै उनले सडक स्तरोन्नती गर्न पहल गर्ने बताएका हुन्।

यस चालु आर्थिक बर्षमा बजेट विनियोजन भएकोले यस बर्ष केही गर्न नसके पनि अर्को बर्ष केही न केही सहयोग गर्ने भएको मन्त्री बरालले बताएका छन्। स्याङजाका प्रदेश सांसद एवं विधान समितिका सभापति मोहन रेग्मीले गत बर्ष परेको उक्त सडकको बजेट यस चालु आर्थिक बर्ष भने काटिएको गुनासो गरे।

नेपाल स्वयम सेवक संजालका अध्यक्ष केदारनाथ गैरे, उपाध्यक्ष विशाल पराजुली, नेकपा माओबादी केन्द्र वालिङका अध्यक्ष तारा भुषाल सहितको टोलीले वालिङ, गहते, पानी ट्याङकी, डुम्रे भन्ज्याङ हुदै पर्वतको हुवाससम्मको करिब २० किलोमिटर सडक पिच गर्न मन्त्री बराल समक्ष आग्रह गरेका हुन्। ठाँउ ठाँउमा सडक अबरुद्ध हुने भएकोले स्थानिय युवा संजालका पदाधिकारीहरुले पहिरो पन्छाउने तथा सडक संचालनको लागि एक हुदै काम गर्दै आएका छन्। यसैबिच, मन्त्री बरालले शहिद तथा वेपत्ता परिवारजनलाई भेटेर उनीहरुले देखाएको बाटो अवलम्बन गर्ने बताए। शहिदहरु भन्दा पनि वेपत्ता परिवारजनलाई हरेक बर्ष आउने चाड पर्वले झस्काउने गरेको उल्लेख गर्दै मन्त्री बरालले शहिद तथा वेपत्ता परिवारजनलाई राज्यले छिट्टै परिचय पत्र उपलब्ध गराउने बताए।

## युवा समाजवादको सेना बन्नुपर्छ : अध्यक्ष प्रचण्ड

**रासस**
**काठमाडौं, १२ भदौ**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल(प्रचण्ड)ले अब युवा समाजवादको सेना बन्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

योङ कम्युनिष्ट लीग (वाइसिएल) नेपालको आजदेखि सुरु भएको राष्ट्रिय भेलाको उद्घाटन गर्दै अध्यक्ष दाहालले समाजवादी आन्दोलन सफल पार्न युवाको पहलकदमी आवश्यक रहेको बताउनुभयो । उहाँले समाजवादको नेतृत्व गर्नेगरी युवाले क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो। माओवादी केन्द्रले युवालाई नेतृत्वमा ल्याउन पार्टी विधानमै सबै कमिटीमा २० प्रतिशत आरक्षणको व्यवस्था गरेको उहाँले जानकारी दिनुभयो।

आफूले केही समयपछि उपयुक्त नेतृत्वलाई पार्टी नेतृत्वको जिम्मा दिई संस्मरण लेख्न चाहेको बताउँदै युवाको नेतृत्व विकास गर्न आफू लागिरहेको उहाँको भनाइ थियो । समाजवादी आन्दोलनको तयारीका लागि तत्कालीन नेकपा (एमाले)सँग एकता गरे पनि नेतृत्वले धोका दिएकाले एकता लामो समय टिक्न नसकेको उहाँको तर्क थियो।

ठूलो मेहेनतले अहिलेको सत्तारुढ पाँच दलको गठबन्धन बनेको जिकिर गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "यो गठबन्धनलाई रक्षा र सुदृढ गर्नु अहिलेको आवश्यकता हो।" उहाँले अगाडि भन्नुभयो, "अब सबै चुनौती सकियो भन्ने छैन, गठबन्धनलाई भत्काउने, पुरानै दिशातर्फ लैजाने प्रयास भइरहेको छ। यसतर्फ युवा सचेत हुन आवश्यक छ।" अर्को प्रसङ्गमा उहाँले विज्ञान प्रविधिको उच्चतम रूप प्रयोग गरी भेला गर्न सफल भएकामा वाइसिएललाई बधाई तथा धन्यवाद व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "प्रविधिको प्रयोगबाट समय, खर्चलाई कटौती गरेर कार्यक्रम गर्न सकिन्छ भन्ने पुष्टि वाइसिएले गरेको छ । यो एउटा प्रेरणा र शिक्षाको रुपमा रहनेछ, यसका लागि वाइसिएललाई धन्यवाद, नेपालको कम्युनिष्ट आन्दोलनमा विज्ञान प्रविधिको प्रयोगको हिसाबमा यो भेला एउटा माइलस्टोन हुनेछ ।" भेलामा बसिराख्दा आफू विसं २०३८ मा भारतको काशीनगर भन्ने ठाउँमा भएको युवा भेलामा आफू युवाको नेताको रूपमा सहभागी भएको स्मरण गर्दै उहाँले भन्नुभयो, "यो ४० वर्षको समीक्षा मैले गरेको छु।" भेला सफलताको शुभकामना दिँदै अर्थमन्त्री एवं माओवादी केन्द्रका सङ्गठन विभाग प्रमुख जनार्दन शर्माले समाजवादको दिशा निर्माण गर्न पार्टी नेतृत्वलाई सहयोग गर्ने दायित्व वाइसिएलको काँधमा रहेको बताउनुभयो।

कम्तीमा १५ लाख युवालाई वाइसिएलमा सङ्गठित गरी उनीहरूलाई उत्पादन र रोजगारीमा जोड्ने गरी योजना बनाउन वाइसिएल नेतृत्वलाई उहाँले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## १,८५७ मा संक्रमित, २७ निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ भदौ**

पछिल्लो २४ घण्टामा एक हजार ८५७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार शनिबार १३ हजार १७६ जनाको परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण देखिएको हो । हालसम्म देशभर ३६ हजार ८६६ सक्रिय संक्रमित छन्।

त्यस्तै दुई हजार २२२ जना सङ्क्रमण मुक्त भएर घर फर्किएका छन्। अहिलेसम्म नेपालमा सात लाख १० हजार ४५२ जना सङ्क्रमण मुक्त भई घर फर्किएका छन् । शनिबार सङ्क्रमणबाट २७ जनाको निधन भएको छ। अहिलेसम्म सङ्क्रमणबाट १० हजार ६९० जना निधन भइसकेका छन्। सघन उपचारकक्ष (आइसीयू) मा ६१५, भेन्टिलेटरमा १७४, होम आइसोलेशनमा ३३ हजार ८३५, संस्थागत आइसोलेशनमा तीन हजार ३१ र क्वारिन्टिनमा ३४६ जना रहेका छन् । नेपालमा अहिलेसम्म ५० लाख ६३ हजार ५२२ जनाले पहिलो मात्रा र ४० लाख ५२ हजार ७६५ जनाले पूर्ण मात्राको खोप लगाइसकेका छन्।

पोखरा ईन्जिनियरिङ्ग कलेजको नयाँ भर्ना सम्बन्धि सूचना !

प्राविधिक ईन्जिनियरिङ्ग शिक्षामा सधै अग्रस्थानमा रहन सफल यस पोखरा ईन्जिनियरिङ्ग कलेजमा नयाँ शैक्षिक शत्र २०७८/७९ को लागि निम्न विषयहरूमा भर्ना खुल्यो ।

कार्यक्रमहरु:
❖ Diploma in Computer Engineering (Overseer) 3 yrs
❖ Diploma in Civil Engineering (Overseer) 3 yrs
आवश्यक न्यूनतम योग्यता : SEE मा Math र Science मा C र अंग्रेजीमा D+ वा सो सरह।
❖ Pre-Diploma in Civil Engineering (18 months) को लागि SEE वा SLC मा जुनसुकै Grade वा प्रतिशत ल्याएको विद्यार्थीले पनि पढ्न पाउने।
फारम बुझाउने अन्तिम मिति : २०७८ भाद्र १८ गते शुक्रबार सम्म मात्र।
नोटः जनजाति, महिला, दलित, मधेसी, दुर्गम, विपन्न, पिछडा वर्ग र उत्कृष्ठ विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ।
विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ्ग कलेज
फिर्के-८ पोखरा, फोन नं.०६१-५२५९२६, ५३१२०९, ५२८५३०
www.pec.edu.np

## नार्क प्रविधि गाउँ आँवुबरादीमा मत्स्यपालन प्रविधि प्रर्दशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ भदौ**




नार्क प्रविधि गाउँ आवुँबरादीमा मत्स्य पालन प्रविधि प्रर्दशनको सुभारम्भ गरिएको छ। कृषि अनुसन्धान निर्देशनालय गण्डकी प्रदेश लुम्लेको आयोजना एवं मत्स्य अनुसन्धानकेन्द्र वेगनासको सह आयोजनामा शुक्रबार उक्त प्रर्दशनको सुभारम्भ गरिएको हो।

प्रविधि प्रर्दशनको उद्घाटन गर्दै नेपाल कृषि अनुसन्धान परिषदका निर्देशक स्वयं प्रकाश श्रेष्ठले पोखरी र धान खेतमा छोडेका माछाहरुको राम्रो ब्यवस्थापन गर्नुपर्ने बताउनु भयो। किसानहरुलाई कर्मप्रति विश्वास गर्नुपर्ने भन्दै उहाँले किसानहरुलाई नयाँ प्रविधिको उपयोग गर्नपनि आग्रह गर्नुभयो । किसानको काम उत्पादन गर्ने भएकोले किसानले आफैले विक्रिगर्न सक्ने बातावरण सहकारी मार्फत हुन सक्ने उहाँको भनाई थियो। आबुँबरादी गाउँपालिका अध्यक्ष विरबहादुर थापाले लुम्ले अनुसन्धान केन्द्रले पहिलेपनि आफ्नो ठाउँमा विभिन्न कार्यक्रम ल्याएको स्मरण गर्दे बरादीका किसानको जिवनस्तर उकास्न सहयोग पुग्ने बताउनु भयो । किसानहरुको पुरै साथ र सहयोग चाहिने भन्दै जती सक्दो राम्रो गर्न किसानहरुलाई आग्रह गर्नुभयो । राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र गोदावरीका प्रमुख आशा रायमाझीले माछाको बजार राम्रो रहेको भन्दै बरादीमा एक घर एक पोखरी बनाउन किसानहरुलाई सुझाव दिनु भयो । नार्ककाका अनुगमन मुल्याङकन महाशाखा प्रमुख डाक्टर सुधा सापकोटाले अनुसन्धान केन्द्रमा किसानको मागको आधारमा नयाँ नयाँ प्रविधिको विकास गरिरहेको हुने र उक्त प्रविधि किसानको खेतबारीमा पुऱ्याउने प्रयत्न स्वरुप कार्यक्रम गरिएको बताउनु भयो। नेपालमा नार्क प्रविधि गाउँ भनेर हाल आएर कार्यक्रम शुरु गरिएको भएपनि अन्यदेशले भने पहिलेदेखिनै प्रयोगमा ल्याईसकेको बताउनु भयो। मत्स्य अनुसन्धान केन्द्र वेगनासका प्रमुख डाक्टर मोहमद इकवाल हुसेनले नेपालमा माछा पालनको राम्रो सम्भावना हुदा हुदैपनि अहिले पनि बार्षिक १० मेट्रिकटन माछा आयत गर्नुपरेको बताउनु भयो उहाँले शुक्रबार किसानको धान खेत र पोखरीमा ११ सय वटा माछाका भुरा छोडिएको जानकारी दिनु भयो।

एक रोपनी धानखेत बाट ३ महिनामा ७ हजारको माछा उत्पादन गर्न सकिने उहाँको भनाई थियो। कृषि अनुसन्धान निर्देशनालय गण्डकी प्रदेश लुम्लेका निर्देशक डाक्टर कालिका प्रसाद उपाध्यायले नार्क प्रविधि गाउँका किसानलाई फाइदै फाइदा हुने बताउनु भएको छ । प्रविधि हामी दिन्छौ तपाईहरुले मेहनत गर्नुभयो भने बरादीलाई कृषि पर्यटनको रुपमा विकास गर्न सकिन्छ। किसान, प्राविधिक र प्रविधि साथ साथ भएपछि कृषिमा फड्को मार्न सकिने उहाँको भनाई थियो । उहाँले धानखेतमा माछापालन प्रविधि प्रदर्शनी र बहुजातीय माछापालन प्रविधिको प्रर्दशन गरिएको जानकारी दिनु भयो। कृषि अनुसन्धान निर्देशनालय गण्डकी प्रदेश लुम्लेका वैज्ञानिक काशीनाथ चिलुवाल अनुसन्धान केन्द्रंहरुले निकालेका नयाँ नयाँ प्रविधि नार्क प्रविधि गाउँमा प्रर्दशन गरिने बताउनु भयो।यस अघि नार्क प्रविधि गाउँमा बृहत्त फलफूल वगैचा ब्यवस्थापन अन्तरगत कागती सुन्तला र मेकाडेमिया नट लगाइएको थियो।

कार्यक्रममा बोल्दै धान खेतमा माछापालनका कृषि चिजा गुरुङले नयाँ प्रविधिको प्रयोग स्वरुप पहिलो पटक एक रोपनी धान खेतमा माछापालन गरेको र राम्रो भए अगामी दिनमा विस्तार गर्ने सोचमा रहेको जनाउनु भयो। कार्यक्रममा बोल्ने कृषकहरुले आफुहरु नयाँ नयाँ प्रविधि पाएर उत्साहित भएको जनाउनु भएको थियो। कार्यक्रममा कृषक विरबहादुर पन्त,चेतबहादुर थापा लगायतले बोल्नु भएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# तभ्र्या परिवारमा मातृशोक

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ

बाबु कता हिंड्यौ ? बामनभाइको घर हो ? मेडिकल दिदी सरस्वती सँग गफ गरेर बस्दा पनि स्वरवाटै पहिचान गरी सिग्देल बाबु आएछन् भन्दै नजिकै पुग्नुहुन्थ्यो । बाबु कता फुर्सद भए आऊ बाबु एक छिन बसौं । कहिले काँही म तभ्र्या आमाको बाक्यलाइ काट्न सक्दिन थिएँ । आमाको नजिकै मोडामा बस्यो कि बाबु चिसो खानी । चिसो मात्र होइन घरमा भित्रै गएर खाजा खाऊँ भनेछि एक पटक आमा सँगै खाजा खाने अवसर पनि मिल्यो । अव ती बाक्य दिमागमा घुम्नु वाहेक अरु केही छैन । आफ्नै मान्छे भएर त होनी स्वरवाटै आफन्त पहिचान गर्ने शक्ति आज सम्भनामा मात्रा रह्यो । घर अगाडि हिड्दा देख्ने वित्तिकै बोलाउने आमाका ती बाक्यको स्वागत कस्ले गर्दछ । आफन्त भनेपछि दुवो सरी मौलाएर ढपक्कै ढाक्ने आमाको स्वभाव थियो । सकरात्मक सोच र सहयोगी मनले भकारी सरी भरिनु



भएको आमा सवैको आँखाको नानी जस्तै हुनुहुन्थ्यो । तर आज सवैलाई छोडेर जानु भयो । त्यसैले जीवनमा घरबाट निस्कँदा, शुभ कार्य होस, अन्य कुनै पनि कार्यमा व्यस्त भए पनि अथवा अन्य कुनै रोग र बिरामीको कारणले होस् श्वास फेरीरहेको जीवनमा मृत्युले छोप्छ । यी त सवै मृत्युका बहाना मात्र हुन् । मृत्यु त्यो सत्य जुन अकाट्य र अवस्यम्भावी छ । जन्म पछि आवज सँगै चलायमन हुन थाल्छ दुई हात । एक हातमा पाँच औला । हातको एउटा औलाको अभावमा कति असर पर्छ त्यही आत्मरुपी हातलाइ मात्र थाह हुन्छ । त्यसैले मेरो जीवनमा आमा तभ्र्या नङ र मासु सरी टाँसीनु भयो । उनै आमा शान्तमाया तभ्र्या(हरीमाया) २०७८ भदौ ११ गते मणिपाल अस्पतालमा स्वर्गारोहण भयो । विस १९९८ फागुन १६ गते जन्मनु भएको आमाको निधनले वडा नं १३ वासी र आफन्तलाइ मर्माहत वनाएको छ । गौडाकोमुखमा कुनै पनि कार्यक्रम भयो कि आमा सक्रिय रुपमा सहभागिता हुनुहुन्थ्यो ।

बालगोपाल सेवा समितिको सक्रिय सदस्य तभ्र्या आमा समाजमा कोही विरामी परेको थाहा पाउनी वित्तिकै भेट्न जानु हुन्थ्यो । छोराहरु एक छोरी र छ नातिनातिनाको धनी हुनुहुन्थ्यो आमा । तर उहाँको अमूल्य योगदान र मार्गनिर्देशनको स्मृतिसँगै उहाँ हामीमाभ्र सदैव जीवित रहनु हुनेछ । यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजन र आफन्तजनलाई वेदना सहज गरी धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान् गरुन भनी हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

## युवा...

निर्देशन गर्नुभयो । वाइसिएललाई अब परिवर्तनको उपलब्धिको रक्षा गर्ने, रक्षकको रूपमा, सामाजिक, सांस्कृतिक रुपान्तरण, आर्थिक विकास र समृद्धिको संवाहकको रूपमा विकास गर्न आवश्यक रहेको उहाँको भनाइ छ । प्रदेश-१ का माओवादी केन्द्रका सहइञ्चार्ज सावित्रीकुमार काफ्ले, प्रदेश-२ का माओवादी केन्द्रका नेता अच्युतम काफ्ले, वाग्मती प्रदेश माओवादी केन्द्रका सहइञ्चार्ज नारायण दाहाल, गण्डकी प्रदेश माओवादी केन्द्रका इञ्चार्ज हितराज पाण्डे, लुम्बीनी प्रदेश माओवादी केन्द्रका इञ्चार्ज चक्रपाणि खनाल, कर्णाली प्रदेशका मुख्यमन्त्री तथा माओवादी केन्द्रका सहइञ्चार्ज महेन्द्र शाही, सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले भर्चुअल माध्यमबाट भेला सफलताको शुभकामना दिनुभयो । यस्तै तरुण दलका उपाध्यक्ष उत्तम चापागाईं, नेकपा (एकीकृत समाजवादी) सम्वद्ध युवा सङ्घका महासचिव दीपक जिएम लगायतले भेला सफलताको शुभकामना दिनुभएको थियो ।

# कक्षाकोठाका समस्या कार्यमूलक अनुसन्धनबाट समाधान हुने

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ

सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान पोखराले शिक्षण-सिकाइका क्रममा कक्षाकोठामा आइपर्ने समस्याको समाधान खोज्न उपयोग गरिने पद्धति कार्यमूलक अनुसन्धाका बरेमा बहस गराएको छ ।

प्रतिष्ठानको क्यालेण्डर अनुसार आयोजना गरिएको उक्त कार्यक्रममा पृथ्वीनारायण क्याम्पसका उप.प्रा. कृष्णप्रसाद त्रिपाठीले 'कार्यमूलक अनुसन्धानका माध्यमबाट कक्षागत समस्याको समाधान' नामक अनुसन्धानपत्र प्रस्तुत गरेका थिए । प्रतिष्ठानमा आजीवन सदस्यसमेत रहेका त्रिपाठीले जनप्रिय बहुमुखी क्याम्पसमा कक्षा १२ को शिक्षाशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थीलाई नमुना छनौटमा सहभागी बनाएको उल्लेख गरे । उनले अनुसन्धानपत्र प्रस्तुत गर्दै कार्यमूलक अनुसन्धानको परिचय र अनुसन्धानका चरणहरुको सविस्तार चर्चा गरे । कार्यमूलक अनुसन्धानमा अनुसन्धानको योजना, कार्यान्वयन, अवलोकन र प्रतिबिम्बन जस्ता चारओटा चरण प्रयोग गरिने पनि उल्लेख गरे । कार्यमूलक अनुसन्धान लम्बीय हुने भएको हुनाले चरणबद्ध तरिकाले काम गरिने बताए । कार्यमूलक अनुसन्धानमा कक्षामा आइपर्ने शिक्षक/विद्यार्थीका समस्याहरु समाधानग गर्नका लागिस-साना समूहमा विभाजन गरिने र समस्याको समाधान भएपछि अनुसन्धान सकिने उनले कार्यपत्रका माध्यमबाट प्रस्तुत गरे । अन्तिममा संसारका शिक्षकहरुले भोगेका सहकार्यको अभाव, कामको बोभ्र, समयको सीमितता र पिरियडको भार जस्ता आठओटा समस्याको परिचय पनि छोटकरीमा राखे र कक्षाकोठाको समस्या पहिचन गरी त्यसको निराकरण गर्ने उपायको खोजीकार्यमूलक अनुसन्धानबाट सम्भव हुने निचोड सुनाए ।

कार्यक्रममा टिप्पणीकर्ताको भूमिकाबाटडा.देवराज आचार्यले विचार राखेका थिए । उनले कार्यपत्रले तिनओटा समस्याको पहिचान गरेको बताए । ती समस्याको चरणबद्ध समाधान खोजिएको भए पनि सारवस्तुको रखाइका साथै निष्कर्षीकरण र अनलाइनबाट प्राप्त सामग्रीको रखाइमा सावधानी अपनाउन सुभ्राव दिए । उनको टिप्पणी सकिएपछि श्रोताहरुकातर्फबाट डा.लक्ष्मीशरण अधिकारी, डा.भूमिराज बस्ताकोटी, विष्णुप्रसाद शर्मा, सुरज पौडेल र होमप्रसाद पराजुली लगायतले जिज्ञासा तथा सुभ्राव पेस गरेका थिए । श्रोतादीर्घाबाट अनुसन्धानको तथ्याङ्क र निचोड, यो अनुसन्धान जुनसुकै देश/कलमा सामान्यीकरण हुने वा नहुने, कार्यमूलक अनुसन्धान र एकेडेमिक अनुसन्धानमा देखिने फरकपन एवं यो कार्यात्मक या सैद्धान्तिक कस्तो हो ? भनेर जिज्ञासा राखेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि शिक्षा विकास तथा अनुसन्धान केन्द्रका निर्देशक प्रा.डा. सुरेन्द्र गिरीले त्रिपाठीले नवीन विषयमा अनुसन्धान गरेकोमा बधाई ज्ञापन मात्र गरेनन् बालमैत्री वातावरण परिवेश अनुसार फरकफरक हुने र सोही अनुसार व्यवहार गर्नुपर्नेमा जोड दिए । प्रतिष्ठानका सचिव डा.टीकाराम आचार्य 'आरुणि' को अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन मदन बरालले गरेका थिए ।

# लायन्स पोखरा लेकसिटीद्धारा नयाँ सदस्यको स्वागत

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ

लायन्स क्लब अफ पोखरा लेकसिटीले क्लबका नयाँ सदस्यहरुलाई स्वागत गरेको छ ।

सेवा भावसहित अरुण कायस्थ,सुदीप प्रधानाङ्ग,मोहनसिंह लालचन, अनिल ताङ्वे र सुशिन लामा लायन्य लेकसिटीसँग जोडिएका हुन् । लेकसिटी पोखराको परानो र सक्रिय लायन्स क्लब हो । क्लबका अध्यक्ष कैलाश पालिखेसहित लायन्स क्लब अफ नेपाल ३२५ बि का पूर्व मल्टिपल चियरपर्सन दीपक श्रेष्ठ, लायन्स लेकसिटीका मुख्य सल्लाहकार राजेन्द्रकुमार लालचन, संस्थापक अध्यक्ष कृष्णमोहन श्रेष्ठसहितले नयाँ सदस्यहरुलाई खादा र मालाले स्वागत गरेका हुन् । कार्यक्रममा नयाँ सदस्यहरुमध्ये अरुण



कायस्थको व्यक्तित्वबारे संस्थापक अध्यक्ष कृष्णमोहन श्रेष्ठ, सुदीप प्रधानाङ्गको पूर्वअध्यक्ष टोपबहादुर थापा र मोहनसिंह लालचन, अनिल ताङ्वे र सुशिन लामाको क्लबका प्रथम उपाध्यक्ष सोभितमान बुद्धाचार्यले जानकारी गराएका थिए । कार्यक्रममा बोल्दै लायन्स क्लब अफ नेपाल ३२५ बि का पूर्व मल्टिपल चियरपर्सन दीपक श्रेष्ठले संकटको बेला सेवा भावसहित सामाजिक काममा जुट्न सदस्यहरुलाई निर्देशन दिए । मुख्य सल्लाहकार राजेन्द्रकुमार बाटाजुले क्लबका गतिविधिहरु समुदाय लक्षित हुनुपर्नेमा बताए । संस्थापक अध्यक्ष कृष्णमोहन श्रेष्ठले स्थापनाकालको स्मरण गर्दै क्लबले सम्पादन गरेका कामप्रति गर्व रहेको बताए । कार्यक्रम तथा क्लबका अध्यक्ष कैलाश पालिखेले क्लबले वार्षिक कार्यक्रमको खाका तयार पारेको जानकारी दिँदै पोखरा उद्योग वाणिज्य संघद्धारा संचालित बालश्रम न्यूनीकरण कार्यक्रमका रहेका ५४ जना विद्यार्थीहरुलाई आउँदो भदौ १५ गते शैक्षिक सामग्री वितरण गरिने, तीजको अवसरमा क्लबसँग आवद्ध महिलाहरुको लागि विशेष कार्यक्रम आयोजना हुने जानकारी दिए । उनका अनुसार क्लबले पोखरा रंगशाला परिसरमा वृक्षरोपण सम्पन्न गरेको छ भने अन्य रचनात्मक कार्यहरु पनि अगाडि बढाइने छ । क्लबका प्रथम उपाध्यक्ष सोभितमान बुद्धाचार्यका अनुसार बैठकले क्लबका एलसिआइएफ कोअर्डिनेटर विन्दुकमार थापा गण्डकी प्रदेश सरकारको कानून, संचार तथा प्रदेश सभा मामिलामन्त्री नियुक्त भएकोमा बधाई ज्ञापन गरेको छ ।




# कांग्रेस जिल्ला सभापतिको अनशन तोडियो

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ

विभिन्न माग राखेर चार दिनदेखि कांग्रेस केन्द्रीय कार्यालय सानेपामा जारी जिल्ला सभापतिको रिले अनशन स्थगन भएको छ ।

देशभरका ७७ वटै जिल्लाको वडामा एकैपटक अधिवेशन प्रारम्भ गर्नुपर्ने, एउटा निर्वाचन क्षेत्र भएको जिल्ला सभापति स्वतः महाधिवेशन प्रतिनिधि हुन पाउनुपर्ने, क्रियाशील सदस्यताको सूची तत्काल सार्वजनिक गर्ने र त्रुटि भएको भए सच्याउनु पाउनुपर्नेलगायत माग राखेर जारी अनशन आज साँभ्र स्थगन भएको हो । जिल्ला सभापतिको अनशन तोडाउन क्रियाशील सदस्यता विवाद समाधानमा खटिनुभएका नेता एवं पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, डा मीनेन्द्र रिजाल र रमेश लेखक सानेपा पुग्नुभएको थियो । पार्टीका संस्थापन इतर पक्षको समेत समर्थन रहेको उक्त अनशनमा पार्टीका सभापति शेरबहादुर देउवा जिल्ला सभापतिले राखेका मागप्रति सकारात्मक देखिएपछि अनशन स्थगन गरिएको कांग्रेस काठमाडौँका सभापति सबुज बानियाँले राससलाई जानकारी दिनुभयो । "जिल्ला सभापतिले राखेको तीनवटै मागप्रति नेतृत्व सकारात्मक देखिएको र समयमा महाधिवेशन गर्न इच्छुक देखिएकाले हामीले अनशन स्थगन गरेका हौँ", उहाँले भन्नुभयो । जिल्ला सभापतिले राखेका माग र सहमतिमा अधिवेशन गराउनेबारे यसअघि पार्टी सभापति देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच छलफल भएको थियो ।

# 'पार्टी एकढिक्का भएर आगामी चुनावमा जानुपर्छ'

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले पार्टी एकढिक्का नभएसम्म आगामी चुनाव जित्न नसकिने बताउनुभएको छ ।

कांग्रेस शुक्लागण्डकी नगरपालिका-५ मा शनिबार आयोजित कार्यकर्ता भेलालाई सम्बोधन गर्दै पूर्वमन्त्री भण्डारीले आगामी चुनावमा पार्टी एक ढिक्का भएर जानुपर्छ भन्नुभयो । "व्यक्ति र समूहमा ध्यान दिन थालियो भने पार्टी एकढिक्का हुन सक्दैन, पार्टी एकढिक्का हुन नसके आगामी चुनाव जित्न सक्दैनौँ", भण्डारीले भन्नुभयो । विगतमा जस्तो अवस्था अब हुन नहुने भन्दै उहाँले अबको चुनावमा सबै सिट जित्नका लागि कांग्रेस कार्यकर्ता सक्रिय हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । पूर्वमन्त्री भण्डारीले जिल्लामा कुनै नेतासँग नजिक रहेकाहरुलाई वाइपास गर्न खोजिएको भन्दै सबैलाई सङ्गठित गराएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

# गण्डकीमा ४५६ जना संक्रमण मुक्त

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ४५६ जना कोराना सङ्क्रमण मुक्त भएका छन् । यस अवधिमा प्रदेशमा ३०४ जना सङ्क्रमित थपिएका छन् ।

प्रदेशमा सो अवधिमा १० जनाको मृत्यु भएको स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो । मृत्यु हुनेमा नवलपरासीपूर्वका पाँच, कास्कीका चार र स्याङ्जाका एक जना रहेका छन् । यससँगै प्रदेशमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक हजार २८४ जना पुगेको छ । निर्देशनालयका अनुसार पदेशमा सक्रिय सङ्क्रमतिको सङ्ख्या तीन हजार ६९८ छ भने होम आइसोलेशनमा तीन हजार १८३ जना रहेका छन् । प्रदेशमा हालसम्म कूल तीन लाख छ हजार ५०४ जनाको कोरोना परीक्षण गरिएकामा ८० हजार ८७८ जना सङ्क्रमित फेला परेको र ७५ हजार ८९६ जना निको भएको निर्देशनालयले जनाएको छ ।

कपालको उपचार

कपाल भ्रर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल भ्ररेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित भ्ररिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर भ्ररेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल भ्रर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल भ्ररेको कारणले भ्रुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग भ्रर्ने, दाढी भ्रर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# अस्थिरता निम्त्याउने काम नगर

नेपाली कांग्रेसको १४ औं महाधिवेशनका लागि पार्टी कार्यालयमा जारी धर्ना र रिले अनसन तोडिएको छ । क्रियाशील सदस्यता विवादले गर्दा वडाको अधिवेशन फेरि रोकिने हो कि भन्ने आशंका थियो । छ पटक कार्यतालिका फेरेको कांग्रेसले धर्ना र अनसनलाई देखाएर महाधिवेशन सार्ने प्रयास नभएको होइन । २३ भदौमा म्याद सकिएपछि कांग्रेसको बैधानिकता के हुने आशंका अझै हटेको छैन । पार्टीको बैधानिकताका लागि भदौ १८ गते वडा अधिवेशन शुरु गरेर छारो हाल्ने उपाय निकालेको छ । नेपाली कांग्रेसका जिल्ला सभापतिहरूले यही भदौ ८ गतेदेखि सुरु गरेको रिले अनशन पाँच दिनपछि तोडिएको छ । निर्वाचन आयोगले पाएको अधिकार प्रयोग नगरी दलहरूलाई कानुन भन्दा माथि छन भन्ने छाप परेको छ ।

जिल्ला सभापतिहरूले उठाउका माग सम्बोधनका लागि शीर्ष नेताहरू तयार भएपछि क्रियाशील सदस्यता विवाद समाधान समितिका तर्फबाट तीन नेताले शनिबार अनशन तोडाएका छन । क्रियाशील सदस्यता विवाद समाधान समितिका संयोजक कृष्णप्रसाद सिटौला तथा सदस्यहरू डा. मीनेन्द्र रिजाल र रमेश लेखकले शीर्ष नेताहरूबीचको सहमति जानकारी गराउँदै जिल्ला सभापतिहरूले उठाएका माग सम्बोधन गर्ने आश्वासन दिएपछि जिल्ला सभापतिहरूले अनशन अन्त्य गरेका हुन् । तीनजना नेता आउनुभयो, हामीले राखेका तीनवटा माग क्रियाशील सदस्यता सार्वजनिक गर्दै त्रुटि सच्याउने, जिल्ला सभापतिको निर्वाचनमा एकरूपता ल्याउने र सबै जिल्ला सभापतिले महासमिति निर्वाचन लड्न पाउने गरी निर्वाचन निर्देशिका सच्याउने गरी शीर्ष नेताहरूबीच  सहमति भएको छ ।

जिल्ला सभापति आन्दोलनको नेतृत्व गरिरहेका काभ्रे सभापति मधु आचार्यले  त्यो सहमति शीर्ष तहमा पनि सहमति भएको भनेपछि हामीले यो तीनवटा माग पूरा गर्ने क्रममा जे वचनबद्धता दिएका छन, त्यसलाई हेर्ने र भोलिका दिनमा अघि बढ्ने गरी अनशन तोडेको जानकारी दिएका छन । क्रियाशील सदस्य विवाद सामान्य नभएर पार्टी कब्जा गर्ने नियत हो । रुकुम पूर्वका जिल्ला सभापतिलाई नै क्रियाशीलबाट हटाउने काम 'इरर' नभएर 'ब्लन्डर' भएको अनसनकारीको बुझाई छ । गल्ती सच्याउने सहमतिपछि आफ्ना नेताहरूमाथि विश्वास गरेर अनसन तोडेर अधिवेशन हुन्छ भन्ने आशा राखेका छन ।

नेतृत्वले सहज हुने बित्तिकै सहमति  तोड्ने गरेको छ । सहमति गरेर जनताप्रति जवाफदेही हुन नपर्ने जस्तो ब्यवहार अब हुँदैन भन्ने विश्वास लिएका छन । अप्ठ्यारो पर्दा गरेको सहमति  पनि कार्यान्वयन भएन भने विश्वास घात हुन्छ । रुकुम पूर्वका सभापतिको नाम नै छुटाइएको छ, त्यो इरर होइन, ब्लन्डर हो, आचार्यले भने, हामीले हाम्रा नेताहरूलाई विश्वास गर्दै पर्ख र हेरको नीति अन्तर्गत अनशन फिर्ता लिएको जानकारी गराउने गराएका छन । कांग्रेसको आन्तरिक विवाद शुरुआत भएपछि । सहमति नतोडेपछि कोभिडलाई निहुँ बन्नु हुदैन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : मानसिक तनाब | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मन चञ्चल |
| कन्या | : झमेला बड्ने | मीन | : सहयोग मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# खच्चडको माध्यमबाट खाद्यान्न

रासस
मनाङ, १२ भदौ

बाढीपहिराका कारण ढुवानीमा समस्या हुँदा खाद्यान्न अभाव भएको छ । खाद्यान्न अभाव पूर्तिका लागि थोराङ्ला भञ्ज्याङ पास गराई ल्याइएको छ । गत असार १ गते आएको बाढीपहिराका कारण बेंसीशहर-चामे-मनाङ सडक खण्ड क्षतविक्षत भएपछि माथिल्लो मनाङमा खाद्यान्न अभाव भएको हो ।

खाद्यान्न आपूर्तिका लागि ढुवानी समस्या भएपछि खच्चडका माध्यमबाट माथिल्लो मनाङमा खाद्यान्न ल्याइएको पर्यटन तथा होटल व्यवसायी विनोद गुरुङले जानकारी दिनुभयो । स्थानीयवासीलाई खाद्यान्न अभावबाट बचाउने उद्देश्यले सोनाम घिर्मी फ्यामी फाउण्डेशनको सहयोगमा घुमाउरो बाटो सहारामार्फत खाद्यान्न ल्याइएको र यहाँका विपन्न वर्गलाई वितरण गरिएको गुरुङले जानकारी दिनुभयो । कास्कीको पोखराबाट म्याग्दीको बेनी-मुस्ताङको मुक्तिनाथ हुँदै थोराङ भञ्ज्याङ पास गरेर खाद्यान्न ल्याइएको उहाँले बताउनुभयो । पोखरा-बेनी-मुक्तिनाथसम्म गाडीमार्फत खाद्यान्न ल्याइएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार मुक्तिनाथबाट पाँच हजार ४१६ मिटर उचाइको थोराङ्ला पास हुँदै खच्चडमार्फत माथिल्लो मनाङमा खाद्यान्न ल्याइएको हो ।

अन्यत्र जिल्लाबाट आएर यहाँ काम गर्दै आएका ४० र मनाङ गाउँका विपन्न वर्गका सात घरधुरीसहित कूल ४७ घरधुरीलाई खाद्यान्न सामग्री वितरण गरिएको छ । सोनाम घिर्मी फ्यामिली फाउण्डेशनको सहयोगमा सामग्री विपन्न वर्गका लागि सामग्री वितरण गरिएको उहाँले बताउनुभयो । यहाँका प्रत्येक परिवारलाई १२.५ किलो चामल, आठ किलो दाल, नुन तीन किलो, १.५ लिटर तेल वितरण गरिएको छ । घुमाएर ल्याइएको खाद्यान्न सामग्री पाउँदा स्थानीयवासी हर्षित भएका छन् । माथिल्लो मनाङमा लामो समयदेखि खाद्यान्न अभाव टार्न थोराङ्ला पास गरी ल्याउने गरिएको छ ।

# कलम सहकारीको रक्तदानमा ४४ युनिट रगत सकंलन

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ




कलम बचत तथा ऋण सहकारी सस्थाँको १२औ बार्षिक उत्सवको उपलक्ष्यमा आयोजित रक्तदान कार्यक्रममा ४४ युनिट रगत सकंलन भएको छ ।

नेपाल पुस्तक तथा स्टेशनरी ब्यवसायी महासंघ कास्की र कलम सहकारीको सयुत्त रूपमा आयोजित आठौ रक्तदान कार्यक्रमका प्रमुख अतिथी पोखरा महानगरपालिकाका सहकारी समितिका अध्यक्ष तेजनारायण अधिकारीले पहिलो रक्तदातालाई ब्लड ब्याग हस्तान्त्रणगरेर कार्यक्रमको सुभारम्भ गरेका थिए ।

रक्तदान कार्यक्रममा वोल्दै अधिकारीले कलम सहकारीले अहिलेको विषम परिस्थितिमा पनि यस्तो पुन्य काम गरेकोमा धन्यवाद दिदैसहकारी सस्थाहरुले विभिन्न समयमा सामाजिक उतरदाहित्वका कामहरु गरिरहेको बताए । कलम वचत तथा ऋण सहकारी संस्थाकाअध्यक्ष अर्जुन प्रसाद पोखरेलले कोरोनाको यो महामारीको अवस्थामा रगतको चरम अभाव भएको र यति बेला दुर्घटना तथा शल्यक्रिया, प्रसूति लगायतका आपत्कालीन उपचार चाहिने बिरामी रगत नपाएकै कारण जीवन र मरणको अवस्थामा अस्पतालको शय्यामाछटपटाइरहेका अवस्थामा सहकारीले रक्तदान कार्यक्रम राखेको बताए । सहकारीका अध्यक्ष अर्जुन पोखरेलको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा स्वागत मन्तव्य नेपाल पुस्तक तथा स्टेशनरी ब्यवसायीमहासंघ कास्कीका अध्यक्ष तथा कार्यक्रम संयोजक बैकुण्ठ पौडेलले गरेका थिए । नेपाल पुस्तक तथा स्टेशनरी ब्यवसायी महासंघकास्कीका सचिव प्रकाश बास्तोलाले सन्चालन गरेको उक्त कार्यक्रममा रक्तदाताहरूलाई सहकारीका अध्यक्ष अर्जुन पोखरेल र सचिवराजेन्द्र घिमिरेले मायाको चिनो र प्रमाणपत्र प्रदान गरेका थिए । कार्यक्रममा रक्त संचार केन्द्र पोखराले प्राविधिक सयोग गरेको थियो ।

# समाजवादीको जिल्ला भेला आयोजक कमिटी गठन

पोखरापत्र संवाददाता
बागलुङ, १२ भदौ

नेकपा (एकीकृत समाजवादी) को बागलुङमा गठन प्रक्रिया थालिएको छ । शनिबार बागलुङ बजारमा समाजवादी पार्टीमा लागेका उपलब्धहरूको भेलाले केन्द्रीय नेतृत्वसँग समन्वय गरी जिल्ला भेला गर्ने गरी लालबहादुर थापाको संयोजकत्वमा ५१ सदस्यीय पार्टीको जिल्ला भेला आयोजक कमिटी गठन गरेको छ ।

तत्कालीन नेकपा (एमाले)का सचिवसमेत रहनुभएका थापाको संयोजकमा जिल्ला भेला आयोजक कमिटी गठन गरेको हो । भेलाले भुपाल चालिसेको संयोजकत्वमा भरत पुरी, जीवन आचार्य र हिमाल शर्मा सदस्य रहेको चार सदस्यीय कार्यालय व्यवस्थापन उपसमिति, शालिकराम शर्माको संयोजकत्वमा सामाजिक सङ्घसंस्था समन्वय उपसमिति, जीवन आचार्यको संयोजकत्वमा चक्र थापा र डम्बर श्रीष सदस्य रहेको तीन सदस्यीय जनप्रतिनिधि समन्वय उपसमित गठन गरेको जिल्ला भेलाका संयोजक लाल थापाले जानकारी दिनुभयो ।

यस्तै सुरज बोसेलको संयोजकत्वमा प्रदीप आचार्य, फणिन्द्र खड्कासहितको ३१ सदस्यीय युवा तथा खेलकुद जिल्ला भेला आयोजक कमिटीलगायत पालिका, जनसङ्गठन, पेशागत सङ्गठनका विभिन्न उपसमिति गठन गरिएको छ । लाल थापाका अनुसार बृहत् जिल्ला भेलाको आयोजना गरी नयाँ पार्टीको जिल्ला कमिटी गठन गर्नका लागि जिल्ला भेला आयोजक कमिटी गठन गरिएको हो । छिट्टै जिल्ला भेलाको आयोजना गरी पार्टी गठनको तयारीमा समाजवादी बागलुङ अगाडि बढेको छ ।

# भगवती कोत मन्दिर पुनःनिर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, १२ भदौ

म्याग्दीको ऐतिहासिक राखु भगवती कोत मन्दिर पुनःनिर्माण गरिएको छ । पुरातत्व विभागको बोलपत्र आह्वानमा ठेक्का पाएको मिलिजुली-किवेष्ट जेभीले रघुगङ्गा गाउँपालिका-२ स्थित उक्त मन्दिर पुनःनिर्माण गरेको हो ।

कम्पनीले करसहित रु ६९ लाख ३० हजार ५६६को लागतमा निर्माण गर्ने विसं २०७७ फागुन २३ मा ठेक्का सम्झौता गरेकामा पाँच महिनामै सम्पन्न गरेको वडाध्यक्ष रिम कटुवालले बताउनुभयो । पुरानै शैलीमा निर्माण गरिएको मन्दिरमा सिमेन्ट र रड सट्टा चुना, सुर्की, गिटी र बालुवा प्रयोग गरिएको कम्पनीका प्रतिनिधि राजीव ढुङ्गेलले बताउनुभयो ।

सत्रौं शताब्दीमा निर्माण गरिएको मन्दिरमा दैनिक नित्य पूजाका साथै  चैते र बडादशैंका बेला विषेश पूजा हुन्छ । दशैंको पूजामा यहाँ बलि चढाउने गरिन्छ ।

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

प्रकाशित मितिः २०७८/०५/१३

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वार्ड नम्बर १२ मा सुन्तला प्रसोधन घर प्रा.लि. द्धारा सुन्तला प्रसोधन घर नामको उद्योग निर्माण तथा संचालन कार्यको लागि तयार गरिने प्रारम्भिक वातावरणीय परीक्षण (आईइ) प्रतिवेदन उपर मिति २०७८/०५/१६ गते बुधबारका दिन बिहान ८:३० बजे उद्योग निर्माण स्थलमा सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुदाँ सम्पूर्ण सरोकारवालहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

आयोजक
सुन्तला प्रसोधन घर प्रा. लि.
पुतलीबजार नगरपालिका-१२, स्याङ्जा
फोन नम्बर : ९८५६०५२८३१

WALING MUNICIPALITY
OFFICE OF MUNICIPAL EXECUTIVE
WALING, SYANGJA
2073
GANDAKI PROVINCE, NEPAL

## INVITATION FOR SEALED QUOTATION FOR PROVIDING BROADBAND INTERNET SERVICES

(First Date of Publication: 29th Aug. 2021)

1. The Waling Municipality office invites sealed quotations from registered Internet Services Providers listed in Office of Waling Municipality for the Supply, Delivery, Installation, Commissioning and testing of Broadband Services in the designated location of 56 Basic level Community School of Waling Municipality.
2. Supply, Delivery, Installation and Testing of Following items

| S.N. | Contract No. | Description of works | Estimated Amount (with VAT) | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | 01/ WM-ICT/ 2078-079 | Supply,Delivery, Installation, Commissioning and Testing of Broadband Services in the designated location of 56 Basic level Public School of Waling Municipality for 2 years period | 14,71,736.00 | 40473.00 |

3. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Waling Municipality, Waling Syangja. (Email: info@walingmun.gov.np, Cell Phone: 9856074111)
4. A complete set of bidding documents may be purchased With Nrs 1000.00 (One Thousand Only) from the office of Waling Municipality by eligible bidder on the submission of a written application, along with the copy of necessary documents till Sep.12th 2021 during office hours.If bidder wishes to submit the cash of the document should be deposited in the deposit account no 08303000001001000001 at Nepal Bank Limited, Waling Branch and submit the Receipt/ Voucher of the deposited amount of cash.
5. Bids Must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs.40473.00 which shall be valid for 30 days beyond the validity period of bid. If bidder wishes to submit the cash security the cash should be deposited in the deposit account no. 08303000003000000001 at Nepal Bank Limited, Waling Branch and submit the Receipt/ Voucher of the deposited amount of cash along with the sealed quotation.
6. Technical and Financial sealed bids must be submitted to the office of Waling Municipality, syangja by hand before 12:00 on13th Sep. 2021. Bid received after this deadline will be rejected.
7. Technical and Financial bids will be opened separately in the presence of Bidder representatives who choose to attend at 13:00 13th Sep, 2021 at the office of Waling Municipality Waling Syangja . Financial Bid will be opened if only Technical Bid is passed by the office of Waling Municipality.
8. If the last date of purchasing and /or submission falls on the government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The purchaser reserves the right to accept or reject wholly or partially any or all the sealed quotations without assigning any reason, whatsoever.

# ऊँ कारेश्वर शिवमन्दिर पोखरा ३० को अध्यक्षमा रमानाथ

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ

पोखरा ३० देउरालीखोला जरुवामा अवस्थित ऊँकारेश्वर शिवमन्दिर व्यवस्थापन तथा सञ्चालक समितिमा पुनः रमानाथ पौडेलको अध्यक्षतामा नयाँकार्य समिति सर्वसम्मत चयन भएको छ।

स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउदै शनिवार सम्पन्न पाचौं साधारण सभा तथा दोस्रोअधिवेशनले उपाध्यक्षमा लिलामणी त्रिपाठी, सचिवमा केशबराज तिवारी, सहसचिवमा अनन्त कंडेल, कोषाध्यक्षमा सीता सुवेदीलाई चयन गरेको हो। यसैगरी सदस्यहरुमा महाप्रसाद धिमिरे, कृपा पौडेल, बोधराज गौतम, पुष्पराज भट्टराई, शोभा शर्मा न्यौपाने र लक्ष्मी बराल रहेका छन भने बाँकी २ सदस्य पहिलो बैठकले मनोनित गर्ने वताइएको छ। मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रमानाथ पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अध्यक्ष, सचिव र कोषाध्यक्षका प्रतिवेदनहरु सर्वसम्मत पारित भएका थिए।



कार्यक्रमको उद्घाटन गर्दै लायन्स क्लव ३२५ बी १का एनएलएफचिफ शैलेन्द्रमोहन भटराइले धर्मले सामाजिक सद्भाव फैलाउनु पर्ने कुरामा जोड दिदै सास्कृतिक सम्पदाको संरक्षण गर्नुपर्ने वताए। कार्यक्रममा पिएमजे एफलायन सुर्यनारायण बराल, लायन हरि लामिछाने, एओजीलायन मेजर रामप्रसाद गुरुङ्ग, लेखनाथ उद्योग वणिज्य संघका राजेन्द्र ओझा, नागरिक परोपकार समन्वय संस्थाका उपाध्यक्ष चिरञ्जिवी तिवारी, त्रिकाङ्ग टोल विकास संस्थाकी शारदा त्रिपाठी, बेगनासताल पर्यटन तथा धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष ध्रुवनाथ अधिकारी, निर्वाचन संयोजक रविमोहन ढकाल लगायतले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन सचिव लिलामणि त्रिपाठीलेगरेकाथिए । अध्यक्ष रमानाथ पौडेलले मन्दिर व्यवस्थापन तथा प्रगतिमा सबैको सहयोगको अपेक्षा गरेका छन्।

# अझै उत्पादन हुन सकेन माथिल्लो मस्याङ्दी 'ए' को विद्युत्

पोखरापत्र संवाददाता
लमजुङ, १२ भदौ

बाढी पहिराले क्षति पुऱ्याएको साढे दुई महिना हुँदासमेत गण्डकी प्रदेशअन्तर्गत मर्स्याङ्दी गाउँपालिकामा रहेको ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजनाबाट अझै विद्युत् उत्पादन हुन सकेको छैन।

गत असार १ गते मर्स्याङ्दी नदीमा आएको बाढीका कारण आयोजनाको संरचनामा क्षति पुगेसँगै संरचना हालसम्म पनि निर्माण सम्पन्न हुन नसक्दा विद्युत् उत्पादन हुन नसकेको हो।

आयोजनाका अनुसार दुईवटै टर्बाइनलगायतका संरचनामा क्षति पुगेको छ। अन्य संरचना निर्माण भइरहेको छ। यी दुवै टबाईन नै नयाँ राख्नुपर्ने भएकाले विदेशबाट ल्याउने प्रक्रियामा रहेको र अझै विद्युत् उत्पादन गर्न करिब तीन महिना लाग्ने आयोजनाका जनसम्पर्क अधिकृत कर्ण अधिकारीले बताउनुभयो। उहाँका अनुसार उक्त बाढीलेआयोजनाकोबाँधस्थलदेखि पावर हाउस र ११ केभीको राष्ट्रिय प्रसारण लाइनमा समेत क्षति पुगेको छ। यस ११ केभीका १० खम्बा बगाएको थियो भने ३० ढालेको थियो। यतिबेला खम्बा राख्ने तथा मर्मत गरिएको आयोजनाले जनाएको छ।

यसरी बाढीले आयोजनाका विभिन्न संरचनामा क्षति बनाएपछि विद्युत् उत्पादन हुन नसक्दा दैनिक करिब रु एक करोडको हाराहारीमा नोक्सान भइरहेको आयोजना जनसर्म्पक अधिकृत अधिकारीको भनाइ छ।

आयोजनाका अनुसार बिजुली उत्पादन नहुँदा हालसम्म रु ७५ करोडभन्दा बढी नोक्सान भइसकेको छ। अझै तीन महिनासम्मै बिजुली उत्पादन गर्न लागेमा करिब रु एक अर्ब नोक्सान हुने बताइएको छ। क्षतिग्रस्त विद्युत् गृहका उपकरण चीनबाट आयात गर्ने तयारी भएको आयोजनाले जनाएको छ। त्यस्तै क्षति पुगेका आयोजनाका अन्य संरचनामा मर्मत कार्य जारी छ। विद्युत् उत्पादन थालेको आयोजनामध्ये यो आयोजना जिल्लाकै दोस्रो हो।

# नदीका पक्षमा कविता

– रामबहादुर थापा
बागलुङ, १२ भदौ

कालीगण्डकी नदीमाथिको मनलाग्दी दोहनविरुद्धको अभियानमा कविहरू पनि एकाकार भएका छन्। कालीगण्डकी बचाउने पवित्र लक्ष्यप्रति कविहरूले सिर्जनाकामार्फत एक्येबद्धता जनाएका हुन्।

निर्मम दोहन भोलिरहेको कालीगण्डकीलाई प्राकृतिक लयमा फर्काउन रचनात्मक दबाब बढाइरहेको 'कालीगण्डकी बचाऔं अभियान'ले कवितामार्फत राज्ययन्त्र र दोहनकारीमाथि खबरदारी सुरु गरेको हो। कविका कालीगण्डकी पक्षधर रचनालाई अभियानले 'नदी सप्तक' कृतिमा सङ्ग्रहित गरिने जनाएको छ। अभियानकर्मी आरके अदिप्त गिरीले देशभरका स्रष्टाका प्रतिनिधि कविता सङ्ग्रहमा समावेश हुने बताउनुभयो।

"खुलारूपमा कविता आह्वान गरेका छौं, अहिलेसम्म ६० भन्दा बढी रचना प्राप्त भइसकेका छन्", उहाँले भन्नुभयो, "अहिलेको समयका प्रसिद्ध कवि, लेखकहरूले पनि यस अभियानप्रति एक्येबद्धता र समर्थन जनाउनुभएको छ।"

कवि श्रवण मुकारुङले रचेको 'ए कालीगण्डकी...' बोलको गीतलाई धुनबद्ध गर्ने काम भइरहेको अभियन्ता गिरीले सुनाउनुभयो। कालीगण्डकी नदीको सभ्यता र महिमा बोल्ने मानक गीतका रूपमा त्यो स्थापित हुने उहाँको विश्वास छ। "कालीगण्डकी नदीले व्यहोरिरहेको सङ्कटलाई बाहिर ल्याउन हामीले काव्यको सहारा लिएका हौं", अभियानकर्मी गिरीले भन्नुभयो, "हरेक परिवर्तन र जनपक्षीय मुद्दामा स्रष्टाहरू जहिल्यै अग्रभागमा हुन्छन्, यसबाट हाम्रो अभियानलाई पनि सिर्जनात्मक र बौद्धिक बल प्राप्त हुन्छ।" अभियानका सिलसिलामा प्राप्त कवितालाई क्रमशः 'डिजिटल' सामग्रीका रूपमा सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिने अभियानले जनाएको छ। सङ्कलित सबै कवितालाई पछि मात्र पुस्तकाकारका रूपमा प्रकाशन गरिने छ। यहाँका नदी र पर्यावरणप्रेमी युवाका बीचबाट केही महिनाअघि स्वतःस्फूर्त रूपमा जन्मिएको अभियानले बालुवा, गिट्टी उत्खननका नाममा भइरहेको अवैध दोहनको विरोधमा जनमत सिर्जनाको पहलकदमी अगाडि बढाएको छ। कोरोना महामारीको विषम स्थितिमा भौतिक कार्यक्रम गर्न नसकिए पनि सामाजिक सञ्जालका माध्यमबाट बौद्धिक विमर्श र बहस थालिएको अभियानकर्मी गिरीले बताउनुभयो। क्रमिकरूपमा अन्य दबाबमूलक कार्यक्रम पनि गर्दै जाने योजनामा अभियानकर्मी छन्।

"यो मामिला कुनै एक व्यक्ति, वर्ग, समुदायको होइन, यो सिङ्गो मानव जातिको साझा मुद्दा हो, सबै बोल्नुपर्छ", अभियानकर्मी गिरीले भन्नुभयो, "बेलैमा सचेतरूपमा हस्तक्षेप गर्न सकिएन भने हाम्रा नदीनाला सबै नामेट हुनेछन्, यसले पारिस्थितिक प्रणालीमै ठूलो असर गर्नेछ।" उहाँले प्रकृति र मानवताप्रेमी जो-कोही नदीमाथिको क्रुर दोहनलाई टुलुटुल हेरेर बस्न नमिल्ने बताउनुभयो। फोटो पत्रकारसमेत रहनुभएका गिरीले कालीगण्डकी नदीको अस्तित्व सङ्कटमा पर्ने गरी ल्याइएको कालीगण्डकी 'डाइभर्सन' आयोजनाप्रति पनि बिमति राख्नुभयो।

नदी उत्खनन 'डाइभर्सन' जस्ता विषयमा राज्यले विकल्प दिनुपर्नेमा उहाँको जोड छ। गिट्टी, बालुवाका लागि खानीको विकास गर्नुपर्ने, 'ड्याम' बनाएर सङ्कलित नदीजन्य पदार्थलाई प्राधिकरणमार्फत वितरण गर्न सकिने अभियानकर्मी गिरीको भनाइ छ। कालीगण्डकी दोहनले नदीको सौन्दर्य र सभ्यता मात्र नासिने नभई समग्र मानव-प्रकृति चक्रलाई दुःखान्त स्थितिमा पुऱ्याउने भएकाले विरोधमा उत्रनुपरेको अभियानले जनाएको छ। धार्मिक, सांस्कृतिक गरिमा, जैविक र प्राकृतिक विविधतासँगै मानिसको जीविकासँग पनि जोडिएको कालीगण्डकी नदीलाई आफ्नै प्राकृतिक स्वरुपमा बग्न दिनुपर्ने अभियानकर्मीहरूको माग छ। विश्वमै दुर्लभ शालिग्राम पाइने एकमात्र नदी भएकाले कालीगण्डकी धर्मप्रेमीका लागि पनि पवित्रस्थल मानिन्छ। हिमालय क्षेत्रको दामोदरकुण्ड, मुस्ताङको मुक्ति क्षेत्र हुँदै दक्षिण बग्ने कालीगण्डकी देशको मध्यभागको प्रमुख नदी-प्रणाली हो।

कालीगण्डकीसँग आफ्नै प्राचीन सभ्यता छ। मुक्तिनाथबाट देवघाटसम्म कालीगण्डकी तटमा रहेका दर्जनौं तीर्थस्थलले यसको धार्मिक महत्व एवं सांस्कृतिक पाटोलाई दर्शाउँछ। पछिल्ला वर्षमा पर्यावरणीय सन्तुलन नै खल्बलिने गरी कालीगण्डकीको तीव्र दोहन भइरहेको छ।

राज्यको उचित र कठोर नीति नहुँदाको फाइदा उठाउँदै मनपरी ढङ्गले कालीगण्डकीमाथि दोहनको चक्र चलिरहेको छ। ठूला यन्त्र, उपकरणको सहायतामा भइरहेको दोहनका कारण नदी बिरुप बनिरहेको छ। अप्राकृतिक दोहनकै कारण वर्षातमा नदीको धार परिर्वतन हुँदा बाढीलगायतका विपद् निम्तिइरहेका छन्।

कालीगण्डकी किनारमा बसोबास गर्ने लाखौं मानिसको थातथलो र जीविका जोखिममा छ, र पनि दोहन भने चलिनै रहेको छ। नागरिक तहबाट बेलाबेला आवाज त उठ्ने गरेको छ, तर त्यो मधुरो छ।

# दुई स्थानीय तहमा विद्यालय खुलाउने तयारी

पोखरापत्र संवाददाता
तनहुँ, १२ भदौ

तनहुँका दुई स्थानीय तहमा भौतिक उपस्थितिमा पठनपाठन सञ्चालनका लागि विद्यालय खुलाउने तयारी गरिएको छ।

ऋषिङ गाउँपालिका र व्यास नगरपालिकाले आइतबारदेखि प्रत्यक्ष उपस्थितिमा विद्यालय खुलाउने तयारी गरेका हुन्। त्यसका लागि दुवै स्थानीय तहले विद्यालयलाई परिपत्र गरेका छन्।

ऋषिङ गाउँपालिकाको शुक्रबार सम्पन्न कार्यपालिकाको बैठकले सुरक्षा मापदण्ड अपनाई विद्यालय खोल्ने निर्णय गरेको अधिकृत चिनबहादुर रानाभाटले जानकारी दिनुभयो। उहाँका अनुसार सबै सामुदायिक विद्यालयमा स्वास्थ्य सामग्री व्यवस्थापन भइसकेकाले मास्क, साबुन, स्यानिटाइजरजस्ता स्वास्थ्य सामग्रीको अनिवार्य प्रयोग गर्न भनिएको छ।

एक बेन्चमा बढीमा दुई विद्यार्थी राखेर कक्षा सञ्चालन गर्न विद्यालयलाई निर्देशन दिइएको छ। एउटा कक्षामा २५ भन्दा बढी विद्यार्थी भएमा आवश्यकताअनुसार सेक्सन विभाजन गरी विभिन्न सिफ्टमा सिकाइ सहजीकरण गर्न समेत निर्देशन दिइएको छ।

यसैगरी व्यास नगरपालिकाले पनि आइतबारदेखि नगर क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालय सञ्चालन गर्न परिपत्र गरेको छ। नगर शिक्षा अधिकारी नगेन्द्रप्रसाद रेग्मीले शुक्रबार सबै विद्यालयलाई परिपत्र गर्दै कार्यपालिकाको यही भदौ ८ गतेको निर्णयअनुसार पठनपाठनको निरन्तरता दिन विद्यालय सञ्चालन गर्न निर्देशन जारी गर्नुभएको हो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म : १९८५

स्वर्गारोहण : २०७८/०५/०१

**स्व. प्यारी गुरुङ**

नेपाल लोकतान्त्रिक खेलकुद संघका संस्थापक पूर्व विभाग प्रमूख, नेपाली कांग्रेसका केन्द्रीय सदस्य, संविधान सदस्य आदरणीय नेता धनराज गुरुङको स्याङ्जा जिल्ला अर्जुन चौपारी गा.पा.-२ लामडाँडा, जुगेपानी निवासी ममतामयी माता **प्यारी गुरुङ** को ९३ वर्षको उमेर असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**नविन पुन**
**अध्यक्ष तथा**
**नेपाल लोकतान्त्रिक खेलकुद संघ**
**जिल्ला कार्य समिति कास्की परिवार**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि. सं. १९९७/०१/१० गते

स्वर्गारोहणः वि. सं. २०७८/०५/०५ गते

**स्वः सुमलाल वाग्ले**

हाम्रा आत्मीय मित्र अजय वाग्लेका पुजनीय पिता **सुमलाल वाग्ले** को ८१ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको नवौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरून भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

| | | | | |
|---|---|---|---|---|
| रन्जन ढकाल | सुरजजङ्ग राणा | नारायण भण्डारी | राज कुमारी थापा | बासुदेव मिश्र |
| रिता पराजुली | शोभाकान्त सिग्देल | बासुदेव पौडेल | ललित मगर | दिपक थापा |
| उत्तम बराल | कृष्ण थापा | केशव बराल | शिवा गुरुङ | हेमराज चालिसे |
| सुमेरु बराल | रामकृष्ण पाहारी | सृजना बराल | हरिप्रसाद बास्तोला | बासुदेव चालिसे |

**स्नातक समूह २०५५ पृथ्वीनारायण क्याम्पस, पोखरा**